# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४८।६।१४ को निर्णयानुसार देहायका अधिकृत-हरूलाई नेपाल प्रशासन सेवाको विशिष्ट श्रेणीमा बढुवा गरी निम्नानुसार पदस्थापन गरेको छ ।

| क्र.सं. | नाम | पद | पदस्थापन गरेको सचिवालय । मन्त्रालय । आयोग । विभाग |
|---|---|---|---|
| १. | श्री शशिनारायण शाह | सचिव | अर्थ मन्त्रालय |
| २. | श्री रमेशजंग थापा | " | रक्षा मन्त्रालय |
| ३. | श्री देवेन्द्रबहादुर प्रधान | मुख्य अधिकृत | विशेष प्रहरी विभाग |
| ४. | श्री ववनप्रसाद कायस्थ | सचिव | वन तथा वातावरण मन्त्रालय |
| ५. | श्री भुवनेशकुमार प्रधान | सह-सदस्य सचिव | राष्ट्रिय योजना आयोग |
| ६. | श्री ईश्वरप्रसाद उपाध्याय | सचिव | शिक्षा तथा संस्कृति मन्त्रालय |
| ७. | श्री गौरीनाथ रिमाल | " | जलस्रोत मन्त्रालय |
| ८. | श्री श्यामप्रसाद अधिकारी | " | सामान्य प्रशासन मन्त्रालय |
| ९. | श्री जीतबहादुर मानन्धर | " | सञ्चार मन्त्रालय |
| १०. | श्री योगेन्द्रनाथ ओझा | " | गृह मन्त्रालय |
| ११. | श्री पद्मराज सुवेदी | " | स्थानीय विकास मन्त्रालय |
| १२. | श्री मोहनराज शर्मा | " | पर्यटन मन्त्रालय |
| १३. | श्री मधुसूदनप्रसाद गोर्खाली | " | मन्त्रिपरिषद् सचिवालय |
| १४. | श्री अम्बिकाभक्त शर्मा | " | अख्तियार दुरूपयोग अनुसन्धान आयोग |
| १५. | श्री विश्वमान श्रेष्ठ | " | भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| १६. | श्री मदनमान अमात्य | " | निर्माण तथा यातायात मन्त्रालय |
| १७. | श्री सच्चिदानन्द श्रीवास्तव | " | श्रम तथा सामाजिक कल्याण मन्त्रालय |
| १८. | श्री रामकृष्ण श्रेष्ठ | " | लोक सेवा आयोग |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४४

| | | |
|---|---|---|
| १९. श्री रामचन्द्र पौडेल | सचिव | आपूर्ति मन्त्रालय |
| २०. श्री तेजप्रसाद उपाध्याय | " | आवास तथा भौतिक योजना मन्त्रालय |
| २१. श्री सूर्यनाथ सुवेदी | " | मन्त्रिपरिषद् सचिवालय |
| २२. श्री विन्देश्वरीप्रसाद सिन्हा | " | कृषि मन्त्रालय |

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको मुख्य सचिव

## सूचना २

श्रम तथा सामाजिक कल्याण मन्त्रालयका सचिव श्री सच्चिदानन्द श्रीवास्तव विदेश भ्रमणबाट फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री जगन्नाथ जोशीलाई मिति २०४८।६।८ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ३

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री श्यामप्रसाद अधिकारी मिति २०४८।६।१४ देखि ऐ १८ सम्म घर बिदामा बस्नु भएकोले उहाँ बिदाबाट फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री विश्वराज रेग्मीलाई मिति २०४८।६।१४ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ४

श्री ५ को सरकारले निजामती सेवा नियमावली,२०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगको रिक्त सचिव पदमा अर्को व्यवस्था नभएसम्मका लागि सोही आयोगका सह-सचिव श्री बुद्धरत्न शाक्यलाई मिति २०४८।६।१३ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।